# फिदिम नगर कार्यपालिका बैठक

बैठक संख्या:- ६६
बैठक मिति: २०७९/०२/२९

नेपालको संविधानको धारा २१४ (क) मा नगरपालिकाको कार्यकारिणी कार्य सञ्चालन नगर कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले फिदिम नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम नगर कार्यपालिकाका प्रमुख मिंत्र प्रसाद काफ्ले ज्यूको अध्यक्षतामा देहायका उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो।

देहाय:

प्रमुख श्री मित्र प्रसाद काफ्ले
उपप्रमुख श्री राधा कृष्ण न्यौपाने
सदस्य श्री गजा धर भट्टाराई
सदस्य श्री दिनानाथ अधिकारी
सदस्य श्री नरेन्द्र गुरुङ
सदस्य श्री उपेन्द्र लावती
सदस्य श्री भरत तुम्बापो
सदस्य श्री विपन तुम्रोक
सदस्य श्री रुपेन्द्र तामाङ्ग
सदस्य श्री सोम बहादुर गुरुङ्ग
सदस्य श्री गंगा प्रसाद राई
सदस्य श्री ओम राज थाम्सुहाङ
सदस्य श्री राजेन्द्र कुमार थापा
सदस्य श्री कमल प्रसाद चापागाई
सदस्य श्री दिल कुमार नेम्बाङ्ग
सदस्य श्री राज कुमार नेम्वाङ्ग
सदस्य निर बहादुर विश्वकर्मा
सदस्य श्री नरेन्द्र कामी
सदस्य डिल्लीराम विश्वकर्मा

सदस्य शारदा देवी पोखरेल

सदस्य सुस्मिता रम्तेल

सदस्य कामना राई

सदस्य सिता गिरी वर्देवा

सदस्य सिमा तुम्बापो

सचिव श्री गणेश प्रसाद दाहाल

बैठक संख्याः- ६६ बैठक मितिः- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः- २०७९।०२।२७

प्रस्ताव नं.- १

विषयः– **नवप्रवर्तन साझेदारी कोष अन्तर्गतको कार्यक्रममा सहभागी हुन परियोजना प्रस्ताव पेश गर्ने ।**

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

प्रदेश तथा स्थानीय तहको सहलगानीमा नवीनतम परियोजनाहरु सञ्चालन गरी नवप्रवर्तन लाई संस्थागत गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ तर्जुमा भई कार्यान्वयमा रहेको छ। फिदिम नगपालिकाले पेश गरेको परियोजना प्रस्ताव "अर्गानिक भुईस्याउ उत्पादन तथा सिरप प्रशोधन र बजारीकरण परियोजना( फिदिम नगर सुशासन तथा आर्थिक विकास)" स्वीकृत प्रदेश कार्यक्रम कार्यान्वयन इकाईले स्वीकृत गरेको हो। निर्देशिका अनुसार प्राप्त हुने अनुदानको लाभ लिन कार्यक्रम प्रस्ताव पेश गरिएको हो। नगरको बृहत्तर हित र कार्यान्वयनको सुरुवाती चरणमा रहेकोले साझेदारी गरिएको विषयप्रति कार्यपालिकाले जानकारी राख्नु आवश्यक हुन्छ। ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

निर्देशिकाले नवप्रवर्तनकारी कार्यक्रम/ परियोजनाको कल्पना गरेको छ।सो अनुसार लगानीका क्षेत्रहरुलाई सिमित गरिएको छ। नवप्रवर्तन भन्नाले नवीनतम सोच, नवीनतम अवधारणा,नवीनतम प्रविधिको माध्यमबाट भिन्न तवरले गरिने कार्यलाई सम्झनु पर्छ भनिएको छ। कार्यक्रम स्वीकृत भएपश्चात कार्यक्रम कार्यान्वयनको सन्दर्भमा संयोजन गरिएका विभिन्न चरणका अभिमुखिकरणहरुमा कार्यालयका लेखा अधिकृत श्री हेम प्रकाश नेम्बाङ र ईन्जिनियर श्री प्रेम बहादुर काफ्लेले सहभागिता जनाई कार्यक्रमको दई पक्षिय सम्झौता मिति २०७९/०२/११ मा भएको।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

फिदिम नगरपालिकाभित्र उत्पादन भएका अर्गानिक भुईस्याँउ प्रशोधन,बजारीकरण एवं निर्यात गर्न र निर्देशिकाअनुसार नवप्रवर्तनका माध्यमबाट प्राप्त हुने अनुदानको लाभ लिन।

४. निर्णय हुनुपर्ने व्यहोराः

अर्गानिक भुईस्याउ उत्पादन तथा सिरप प्रशोधन र बजारीकरण परियोजना( फिदिम नगर सुशासन तथा आर्थिक विकास)" प्रदेश सहयोग कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी कोष कार्यक्रमबाट रु. १,५०,००,०००/- प्राप्त हुने र नगरपालिका र निज क्षेत्रको साझेदारीबाट १,००,००,००० समेत रु. २,५०,००,००० को हुने। उक्त साझेदारीमध्ये नगरपालिकाको तर्फबाट रु. ४७,५०,००० र कञ्चनजंघा टिस्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि. बाट ५२,५०,००० समेतको साझेदारी रहने कार्यक्रम मिति २०७९/२/११ मा सम्झौता भएको परियोजनालाई अनुमोदन गरियो। उक्त परियोजना क्रमिक रुपमा आवश्यकता र सम्भावनाका आधारमा कार्यक्रम विस्तार गर्दै हाललाई सम्झौता भएअनुसार कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने।

वैठक संख्याः- ६६ वैठक मितिः- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।२७

प्रस्ताव नं.- २

विषयः– नगर प्रमुख/उपप्रमुखको निजी सचिव नियुक्ति सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ उपदफा (३) मा नगरपालिकाका प्रमुख/उपप्रमुखले कार्यपालिकाको निर्णानुसार निजी सचिव राख्न सक्ने व्यवस्था छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

संविधान र प्रचलित कानुनले दिएको अधिकारको प्रयोग गर्दै जनताको सबैभन्दा नजिकको सरकार र सुख दुःखको साथीको रूपमा स्थानीय सरकारले आफ्नो भूमिका निभाइरहेको छ। स्थानीय तहको प्रमुखको काम,कर्तव्य र अधिकारलाई विभिन्न कानुनहरुले परिभाषित गरेका छन्। घरघरमा सिंहदरबार को परिकल्पनालाई साकार पार्न, सङ्घीय तथा प्रदेश सरकारका कार्यक्रम वास्तविक लाभग्राही जनतामाझ पुऱ्याउन , तल्लो तहका जनताको जीविका र दैनिकीसँग जोडिएका स्थानीय सेवाको व्यवस्थापन गर्न केन्द्रीय भूमिकामा रही कार्य गर्नुपर्ने अभिभारा स्थानीय तहको प्रमुखलाई छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

प्रमुखको दैनिक प्रशासन,योजना र भ्रमण सम्बन्धी विषयको चाजोपाँजो मिलाउन/तिनमा सहायता प्रदान गर्न, सरोकारित पक्षको प्रमुखसँगको भेटलाई उदेश्यमूलक बनाउन, प्रमुखको सचिवालयलाई प्राप्त हुने चिठीपत्र/इमेलसँग अपडेट रही सोको जानकारी समयमै गराउन, नोट तथा माईन्यूट व्यवस्थित गर्न, बैठकमा उपस्थित हुनुपूर्व प्रस्तावहरुका सम्बन्धमा सामान्य अवगत गराउन, प्रमुख उपस्थित हुने बैठकहरुमा व्यवस्थित पूर्व तयारी गरेको सुनिश्चित गर्न, प्रमुखको काम,कर्तव्य र अधिकारहरुसँग सम्बन्धित प्रतिवेदनहरु प्राप्त गर्न, स्थानीय सेवाग्राही, कार्यालय प्रशासन र प्रमुखबीच समन्वयकारी भूमिका निर्वाह गरी कार्य गर्न निजी सचिवको आवश्यकता हुन्छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

प्रदेश सरकार, १ नं. प्रदेशबाट जारी गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ उपदफा (३) मा भएको व्यवस्था अनुसार फिदिम नगरपालिकाका प्रमुखलाई एक जना कर्मचारी निजी सचिव राख्ने र निजी सचिव पदको सेवा उपलब्ध गराउन इच्छुक भई निवेदन पेश गर्ने कुम्मायक ०५(हाल फिदिम ०१) निवासी श्री भिम कार्कीसँग स्थानीय सेवाको सहायक चौँथो तहको कर्मचारीले पाउने बराबरको सेवासुविधा प्रदान गर्ने गरी निजी सचिव पदको सेवा लिनदिन करार सम्झौता गर्न फिदिम नगरकार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने ।

बैठक संख्या:- ६६

बैठक मिति:- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०२।२७

प्रस्ताव नं.- ३

विषय:– सडक बत्ती कार्यक्रमको लागि नेपाल विद्युत प्राधिकरणसँग गरिने रकम साझेदारी सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोरा:

फिदिम नगरपालिका क्षेत्रभित्रका मुख्य मुख्य सडकहरुमा आधुनिक सडकबत्ती जडान सम्बन्धी फिदिम नगरपालिका र नेपाल विद्युत प्राधिकरण बीच भएको सम्झौता र नेपाल विद्युत प्राधिकरणको प.सं. २०७८/७९,च.नं. ७३,मिति २०७९/०१/१४ को पत्र बैठकसमक्ष पढीवाची सुनाईयो। सम्झौताअनुसार कार्यक्रम कार्यान्वयन गर्न फिदिम नगरपालिकाले व्होर्नुपर्ने रकम विनियोजन गर्नुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

यातायात व्यवस्थापन तथा शान्तिसुरक्षा कायम गर्न सडकबत्ती व्यवस्थापन अपरिहार्य बनेको हो।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

फिदिम नगरपालिकाको शहरी सौन्दर्य अभिवृद्धि गर्न पालिका क्षेत्रभित्रका मुख्य मुख्य सडकहरुमा आधुनिक सडकबत्ति जडान गर्न उपलब्ध स्रोत साधन तथा प्रविधिको अधिकतम प्रयोग गरी सडकबत्ती जडा कार्य शिघ्र शुरु गर्न फिदिम नगरपालिका र नेपाल विद्युत प्राधिकरण बीच भएको सहमतिअनुसार पालिकाले व्यहोर्नु पर्ने रकम विनियोजन गर्नुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोरा:

फिदिम नगरपालिका र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालन हुने "फिदिम नगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरुमा आधुनिक सडकबत्ती जडान कार्य " कार्यक्रम कार्यान्वयन गर्न आ.व. ०७८/७९ को लागि फिदिम नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा रहेको समपूरक कोषबाट खर्च लेख्ने गरी कुल लागत १,२२,००,२९१ मध्ये फिदिम नगरपालिकाले व्यहोर्नेपर्ने ६० प्रतिशत रकम ७३,२०,१७८/८८ मध्ये २५,००,००० उपलब्ध भईसकेको र बाँकी रकम रु. ४८,२०,१७४/८८ मात्र नेपाल विद्युत प्राधिकरणलाई पठाउने निर्णय भयो।

बैठक संख्याः- ६६

बैठक मितिः- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।२७

प्रस्ताव नं.- ४

विषयः– आसन्न ११ औँ फिदिम नगर सभा सञ्चालानार्थ कार्यतालिका/कार्यविभाजन सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

हामी आगामी आ.व. को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयारीको चरणमा छौँ। यसका लागि स्थानीय राजश्व परामर्श समितिले राजश्व प्रक्षेपण गर्ने, आगामी आ.व.को श्रोत प्रक्षेपण र अनुमान प्रेषण, संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ती, श्रोत अनुमान र बजेटसीमा निर्धारण आगामी आ.व.को बजेट सीमा विषयगत समिति र वडामा पठाउने कार्य सकिएको छ। बाँकी रहेका कार्यहरु तोकिएअनुसार समयसिमा भित्र नै सम्पन्न गर्न सबै जिम्मेवार भएर लाग्नुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

आगामी आ.व. को बजेट तथा योजना तर्जुमा गर्न बाँकी क्रियाकलाप र तिनको समय देहायअनुसार रहेको छ।

| आगामी आ.व. को बजेट तथा योजना तर्जुमा गर्न बाँकी रहेका चरण/क्रियाकलाप | | समयसिमा |
|---|---|---|
| १ | वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण | जेठ १५ भित्र |
| २ | विषयगत र एकिकृत बजेट तर्जुमा | जेठ मसान्त भित्र |
| ३ | कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति | असार ५ गते भित्र |
| ४ | सभामा बजेट तथा कार्यक्रम पेश | असार १० गते भित्र |
| ५ | बजेट तथा कार्यक्रम सभाबाट पारित / स्वीकृति | असार मसान्त भित्र |
| ६ | बजेट तथा कार्यक्रम सर्वसाधारणका लागि सार्वजनिक/प्रकाशन | श्रावण १५ भित्र |

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

बजेट वक्तव्य, आर्थिक एवं विनियोजन विधेयक, राजश्व,व्यय र वित्तीय व्यवस्थाको अनुमान(वार्षिक बजेट) र वार्षिक विकास कार्यक्रमको एकीकृत प्रस्ताव कार्यपालिकाबाट स्वीकृत गरी असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने भएकोले ।

४. निर्णय हुनुपर्ने व्यहोराः

आगामी आ.व.को वार्षिक बजेट,नीति तथा कार्यक्रम तयार गर्न बाँकी रहेका काम र तिनको समयसिमा बारे बैठकलाई अवगत भयो। नागरिक/समुदायस्तरबाट प्राप्त हुन आएका योजनका प्रस्ताव, वडा समितिहरुबाट भएको सिफारिस र विषयगत शाखाबाट प्राप्त कार्यक्रमलाई सम्बन्धित विषयगत समितिहरुमा छलफल गरी विषयक्षेत्र अनुसार बैठक बस्न निम्नानुसारको कार्यतालिकाअनुसार निर्धारण गरियो।

| क्र.सं. | बैठकको विवरण | बैठक मिति |
|---|---|---|
| १. | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | २०७९/०३/०१ बिहान १०:०० बजेदेखि |
| २. | आर्थिक विकास समिति | २०७९/०३/०१ दिउँसो १:०० बजेदेखि |
| ३. | पूर्वाधार विकास समिति | २०७९/०३/०२ बिहान १०:०० बजेदेखि |
| ४. | विधेयक समिति | २०७९/०३/०२ दिउँसो ०३:०० बजेदेखि |
| ५. | सामाजिक विकास समिति | २०७९/०३/०३ बिहान १०:०० बजेदेखि |
| ६. | वातावरण तथा विपद् व्यवस्थापन समिति | २०७९/०३/०३ दिउँसो ०३:०० बजेदेखि |
| ७ | बजेट, योजना तथा कार्यक्रम तर्जुमा समिति | २०७९/०३/०५ र ०६ गते १०:०० बजेदेखि |
| ८. | नगर कार्यपालिकाको बैठक | २०७९/०३/०७ गते बिहानको ११:०० बजेदेखि |
| ९. | नगर सभा | २०७९/०३/१० गते बिहानको १०:०० बजेदेखि |

वैठक संख्याः- ६६ | वैठक मितिः- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।२७

प्रस्ताव नं.- ५

विषयः– विपद् जोखिम न्यूनीकरण र विपदोत्तर सहायता सम्बन्धमा

- वडा नं. ८ पौवाभञ्ज्याङको पहिरो नियन्त्रण
- वडा नं. ९ को विपद प्रभावित परिवारलाई सहायता

१. विषय र विषयको संक्षिप्त व्यहोराः
फिदिम नगरपालिका वडा नं. ८ मा पहिरोको उच्च जोखिम क्षेत्र रहेकोले सोको रोकथामको व्यवस्था गरिदिनुहुन भनी निवेदन प्राप्त हुन आएको छ। फिदिम नगरपालिकाका प्राविधिकहरुबाट स्थलगत निरीक्षण भई पहिरो रोकथामका लागि तत्काल कार्य थालनी गर्न सुझाव प्राप्त भएको छ। यस्तै, फिदिम नगरपालिका, वडा नं. ९ का स्थानीय श्री दल बहादुर लावती को घर पहिरोले पुरिएको हुँदा पुर्नस्थापनाका लागि राहत सामाग्री उपलब्ध गराईदिनुहुन भनी प्रहरी मुचुल्कासहितको निवेदन प्राप्त हुन आएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः
नगरभित्रका विपद् सम्भावित वस्ती र परिवार तथा खुला क्षेत्र पहिचान गर्दै नागरिक सुरक्षा गर्नु स्थानीय तहको काम हो। विपद्को सम्भावना रहेका वस्ती वा संरचनाको स्थानान्तरण गरी सही ढंगबाट ति बस्तीको विकास गर्नु जरूरी छ। विपद्का विषयमा उद्धार र राहतमा भन्दा रोकथाममा ध्यान दिन पर्ने हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः
नगरपालिका भित्रका जोखियुक्त वस्ती तथा घर र अन्य संरचनाको सुरक्षा गर्नु स्थानीय सरकारको दायित्व हो। स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) को खण्ड न. मा विपद व्यवस्थापन सम्बन्धी विभिन्न कामहरू तोकिएको छ। तिनै कामहरू मध्ये यो पनि एक हो।

४. निर्णय हुनुपर्ने व्यहोराः
क) फिदिम नगरपालिका वडा नं. ८ मा रहेको पहिरोको जोखिम क्षेत्रमा पहिरो रोकथामका लागि प्राविधिक स्टिमेटअनुसारको कार्य गर्न २३ थान तार जाली उपलब्ध गराउने निर्णय भयो।
ख) पहिरो प्रभावित फिदिम नगरपालिका वडा नं. ९ का श्री दल बहादुर लावतीलाई ७ फुटे र ९ फुटे गरी ६ बण्डल जस्तापाता उपलब्ध गराउने निर्णय भयो।

वैठक संख्याः- ६६ वैठक मितिः- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।२७

प्रस्ताव नं.- ६

विषयः– गणेशमान सिंह सामुदायिक अस्पताललाई सञ्चालन अनुमति प्रदान गर्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

गणेशमान सिंह स्वास्थ्य सहकारी संस्था लि., फिदिम ०१, पाँचथरको च.नं.०९, मिति २०७८/१०/१० को पत्रबाट फिदिम ०१, पाँचथर मा पन्ध्र(१५) शैय्याको गणेशमान सिंह सामुदायिक अस्पताल सञ्चालनका लागि पूर्वाधार निर्माण कार्य गरिसकेको हुँदा सञ्चालन अनुमति प्रदान गरिदिनुहुन भनी माग निवेदन पेश गरेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

स्थानीय तहमा स्थास्थ्य संस्था दर्ता,अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका,२०७६ को दफा ५ मा सञ्चालन अनुमति सम्बन्धी व्यवस्था रहेको छ।पूर्वाधार निर्माण कार्य सम्पन्न भएको स्वास्थ्य संस्थाको स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको रायसहितको प्रतिवेदन पेश गर्न अनुगमन समिति गठन गर्नुपर्ने हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

अस्पताल सञ्चालनको लागि प्रचलित कानूनअनुसार निर्धारण भएको मापदण्डहरु पूरा भए नभएको अनुगमन गर्ने तोकिएअनुसारको जनशक्ति नगर कार्यपालिकाको कार्यालयमा नभएको अवस्था छ। जिल्ला स्वास्थ्य कार्यालय र पाँचथर अस्पतालसँग कार्यालयले गरेको अनौपचारिक संवादबाट तिनमा तोकिएअनुसारको जनशक्ति रहेको व्यहोरा बुझिन आएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्डसम्बन्धी निर्देशिका ,२०७० , स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका,२०७६ एवं अन्य प्रचलित नेपाल कानुनले निर्दिष्ट गरेका सूचकहरुको आधारमा स्थलगत अनुगमन गरी गणेशमान सिंह सामुदायिक अस्पताललाई स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको अध्ययन प्रतिवेदन पेश गर्ने व्यवस्थाका लागि फिदिम नगरपालिका स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका,२०७६ को दफा २ खण्ड(क) को अनुगमन समिति देहायअनुसार गठन गर्ने निर्णय भयो।

**अनुगमन समितिः**

क) संयोजक एवं पालिकाबाट मनोनित विज्ञ – मे.सु./मेडिकल अधिकृत,जिल्ला अस्पताल श्री बुद्धिबहादुर थापा

ख) सदस्य – ल्याब टेक्निसियन,अधिकृत छैटौं, श्री रमा पाण्डे, श्री स्वास्थ्य कार्यालय, पाँचथर

ग) सदस्य – रेडियोग्राफर श्री गोपाल बहादुर सुवेदी , जिल्ला अस्पताल,पाँचथर

घ) सदस्य – पब्लिक हेल्थ नर्स श्री अनिता सुब्बा, स्वास्थ्य कार्यालय,पाँचथर

ङ) सदस्य – इन्जिनियर श्री दुर्गा दाहाल, फिदिम नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,पाँचथर

च) सदस्य सचिव – जनस्वास्थ्य अधिकृत श्री रामजतन शाह फिदिम नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,पाँचथर

वैठक संख्याः- ६६

वैठक मितिः- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०२।२७

प्रस्ताव नं.- ७

विषयः– विधायन समितिले स्वीकृतिका लागि सिफारिस गरेका कार्यविधिहरु।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय सरकार संचालन ऐनको दफा १०२ मा पनि गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने कुरा लेखिएको छ। यस्तो ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्तछ । फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने एनको अधीनमा रही कार्य गर्न बालकल्याणकोष, अपांगता भएका व्यक्तिहरुलाई आर्थिक सहयता/तिनबाट सञ्चालित मिलिजुली कोष र कर्मचारी कल्याणकोष सम्बन्धी कार्यविधि स्विकृतिका लागि विधायन समितिले मस्यौदा सिफारिस गरेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

फिदिम नगरपालिकाले स्थानीय सबै वडामा मिलिजुली समूह निर्माण तथा गठन गरिसकेको छ। अपाङगता भएका व्यक्तिहरूको संभावित र इच्छित सिप बिकास तथा व्यवसाय सञ्चालन तथा प्रबर्द्धन गर्न जरूरी छ। फरक क्षमता भएका व्यक्तिले पनि समाजमा आफ्नो योगदान गर्न सक्छन भन्ने सन्देश पनि संप्रेषण गर्नु छ। यसको लागि प्रत्येक वडामा वडा स्तरीय मिलिजुली समुहको बैंक खाता खोलिएको र उक्त खातामा बिउपुँजी जम्मा पनि भइसकेको छ। यसलाई सदस्यहरूवीच लगानी गरी आर्थिक उन्नतिमा कार्य गर्न र त्यो कार्यलाई व्यवस्थित तवरले सञ्चालन व्यवस्थापन गर्न यो कार्यविधि जरूरी भयो। प्रस्तावित अन्य कार्यविधिहरू समेतको अध्ययन, अवलोकन र पुनरावलोकन गरी पारित गर्नुपर्ने हुन्छ। स्थानीय राजपत्रमा प्रकाशित गरी सूचना पाटीमा समेत सार्वजनिक गर्ने र वेवसाइटमा समेत राखेर कार्यान्वयन गर्नु आवश्यक छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

विधायन समितिले गरेको सिफारिसउपर कारवाही गरी संविधान प्रद्धत विधायिकी अधिकारको प्रयोग, स्थानीय शासनको सुदृढीकरण र सुशासन प्रवर्द्धन गर्नुपर्ने भएकोले

४. निर्णय हुनुपर्ने व्यहोराः

क) विधायन समितिले मस्यौदा सिफारिस गरेका देहायअनुसारका कार्यविधिहरु स्वीकृति गरी राजपत्रमा प्रकाशन र कार्यान्वयन गर्ने :

- फिदिम नगरपालिका बालकल्याण कोष (स्थापना र संचालन) कार्यविधि , २०७९

ख) विधायन समितिले मस्यौदा सिफारिस गरेका देहायअनुसारका कार्यविधिहरुका सम्बन्धमा थप अध्ययन गरी अर्को बैठकमा पुन: पेश गर्ने निर्णय भयो।

- फिदिम नगरपालिका अपाङ्गता भएका व्यक्तिहरुको उपचार सहयोग कार्यविधी-२०७९
- फिदिम नगरपालिकाका मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुको जिबनयापन तथा स्वास्थ उपचारमा पहुँचको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधी-२०७९
- फिदिम नगरपालिका अपाङ्गता भएका व्यक्तिहरुको मिलिजुलि समुहले बिउपुँजी सञ्चालन तथा परिचालन सम्वन्धी कार्यविधी २०७९
- फिदिम नगरपालिका कर्मचारी कल्याणकोष संचालन निर्देशिका, २०७९

वैठक संख्या:- ६६

वैठक मिति:- २०७९।०२।२९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०२।२७

प्रस्ताव नं.- ८

विषय:– समित स्थानीय राजश्व परामर्श समिति र नगर शिक्षा समितिको गठन सम्बन्धमा

१. विषय र विषयको संक्षिप्त व्यहोरा:

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६५ मा व्यवस्था भएको स्थानीय राजश्व परामर्श समिति र फिदिम नगरपालिका शिक्षा नियमावली २०७४ को नियम २४ मा व्यवस्था भएको नगर शिक्षा समिति गठन गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६५ अनुसार नगरपालिकामा राजश्व सम्बन्धी परामर्शको लागि देहाय बमोजिमको एक स्थानीय राजश्व परामर्श समिति रहनेछ।

क) उपाध्यक्ष वा उपप्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना – सदस्य

घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि – सदस्य

ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि– सदस्य

च) कार्यपालिकाको राजश्व महाशाखा, विभाग वा शाखा प्रमुख – सदस्य

यस्तै फिदिम नगरपालिकाको शिक्षा नियमावली २०७४ को दफा २४ मा व्यवस्था भएअनुसार नगरपालिकामा देहाय वमोजिमको एक शिक्षा समिति रहनेछ :

(क) नगर कार्यपालिकाको प्रमुख वा निजले तोकेको एकजना नगर कार्यपालिकाको सदस्य –संयोजक

(ख) नगरकार्यपालिकाका महिला तथा दलित समेत ३ जना सदस्यहरु – सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी –सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानध्यापक–सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधीमुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुखले तोकेको प्रतिनिधी एक जना– सदस्य

(च) नगरपालिका क्षेत्र भित्र रहेका विव्य.स अध्यक्ष मध्यबाट नगर समितिले मनोनित गरेको –सदस्य

(छ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगरपालिकाको प्रमुखले तोकेको सदस्य १ जना–सदस्य

(ज) शिक्षकको पेशागत महासघंका अध्यक्ष वा प्रतिनिधि –सदस्य

(झ) शिक्षा अधिकृत –सदस्य–सचिव

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कानूनमा तोकिएका कुरालाई सहज, सरल र कार्यसम्पादन गर्न आवश्यक पर्ने विधि, प्रकृया तय गर्न र निर्णयहरु लिन समितिहरु गठन गर्न आवश्यक भएकोले, निर्धारित विधि र प्रकृयाको उपयोगबाट पारदर्शी रूपमा कार्य गर्न आवश्यक भएकोले, स्थानीय सरकारलाई जिम्मेवार वनाई नागरिकप्रति जवाफदेही वनाउन पर्ने भएकोले, कुनैपनि काममा द्विविधा र विविधता नभइ एकरूपता कायम गर्नुपरेकोले, सबै पक्षको बुझाइलाई समान व्यवहार गर्न परेकोले समितिहरु कार्यपालकाबाट गठन गर्नुपरेको हो ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा ६५ को (१) (ग)अनुसार राजश्व परामर्श समितिको सदस्यहरुमा क्रमशः दिननाथ अधिकारी र शारदा पोखरेल आङ्देम्बेज्यू लाई तोक्ने,

ख) फिदिम नगरपालिका शिक्षा नियमावली,२०७४ मा व्यवस्थाअनुसार शिक्षा समितिको सदस्यहरु देहायअनुसार तोक्ने

- नियम २४ (१) (ख) को सदस्यहरुमा श्री कमल चापागाई, श्री विपन तुम्रोक र श्री निर बहादुर वि.क.